# बारपाक सुलिकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# गण्डकी प्रदेश, नेपाल
## २०७३

## नदिजन्य पदार्थको बिक्रीका लागि शिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वान सम्बन्धी सूचना
## (दोस्रो पटक प्रकाशित मिति २०८१/११/०१ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को (दफा ११ र ६४) ले दिएको अधिकार प्रयोग गरी यस बारपाक सुलिकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको निर्णयानुसार प्राकृतिक श्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०८१/२०८२ को लागि नदिजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री कार्य बोलपत्र प्रणाली मार्फत ठेक्का बन्दोबस्त गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेको ईच्छुक फर्म/कम्पनीहरुले सिलबन्दी दरभाउपत्र खरिद गरी देहायको मिति र समयभित्र शिलबन्दी बोलपत्र/दरभाउपत्र हार्ड कपि मार्फत यस कार्यालयमा वा **https://bolpatra.gov.np/egp** मार्फत पेश गर्नुहुन सुचित गरिन्छ। अन्य थप जानकारीको लागि यस गाउँपालिकाको सूचनापाटी वा वेभसाइट **www.barpaksulikotmun.gov.np** तथा कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**ठेक्का विवरण**

| ठेक्का नं | स्थान | नदिजन्य पदार्थको परिमाण (घ. मि.) | न्युनतम बिक्रि मुल्य (रु.) (भ्याट र आयकर बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउ पत्र दस्तुर | सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र फारम पेश गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| BSRM/GO/RBM/081/082-10 (RE) | ताल्खोला क्षेत्र बारपाक सुलिकोट-८ | ५८३२.०० | १८,५२,३०१.० | कबोल अंकको पाँच प्रतिसत (५%) | रु.३०००.० | २०८१/११/१५ कार्यालय समय भित्र | २०८१/११/१८ १२:०० बजे भित्र |
| BSRM/GO/RBM/081/082-11(RE) | सोती झरना राँगरुंग,बारपाक सुलिकोट-१ | २६८१.०० | ८,५१,५१२.०० | कबोल अंकको पाँचप्रतिसत (५%) | रु.१०००.० | | |
| BSRM/GO/RBM/081/082-12(RE) | वालुवा पुल माथि,बारपाक सुलिकोट-१ | ३८८८.०० | १२,३४,८६७.० | कबोल अंकको पाँचप्रतिसत (५%) | रु.१०००.० | | |
| BSRM/GO/RBM/081/082-13(RE) | भोर्लेटार गाउँ ,दरौंदी नदि र हुडीखोला दोभान बारपाक सुलिकोट-५ | ४७५२.०० | १५,०९,२८२.० | कबोल अंकको पाँचप्रतिसत (५%) | रु.१०००.० | | |
| BSRM/GO/RBM/081/082-14(RE) | सिम्ले बगर क्षेत्र बारपाक सुलिकोट-५ | ४३२०.०० | १३,७२,०७५.० | कबोल अंकको पाँच प्रतिसत (५%) | रु.१०००.० | | |
| BSRM/GO/RBM/081/082-15(RE) | जलबिरे बगर क्षेत्र बारपाक सुलिकोट-५ | ३२५५.०० | १०,३३,८२०.० | कबोल अंकको पाँचप्रतिसत (५%) | रु.१०००.० | | |
| BSRM/GO/RBM/081/082-16(RE) | डवालीटार बगर क्षेत्र बारपाक सुलिकोट-६ | ११२५.०० | ३,५७,३११.०० | कबोल अंकको पाँचप्रतिसत (५%) | रु.१०००.० | | |
| BSRM/GO/RBM/081/082-17(RE) | मालिमटार बगर क्षेत्र बारपाक सुलिकोट-६ | ४२००.०० | १३,३३,९६२.० | कबोल अंकको पाँचप्रतिसत (५%) | रु.१०००.० | | |

**बोलपत्र/दरभाउपत्र सम्बन्धी शर्तहरु:**

बोलपत्र/दरभाउपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नं./मु.अ. करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

१. यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र/दरभाउपत्र फाराम बोलपत्र/दरभाउपत्र दाता स्वयम् वा रितपूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई वा यस कार्यालयको ग्लोवल आइएमई बैंक लि. बारपाक सुलिकोट गाउँपालिकाको सुलिकोट शाखामा रहेको राजश्व खाता नं. (ग .१.१.आन्तरिक राजस्व बारपाक सुलिकोट, खाता न २४८०४०१००००००१०, राजस्व शिर्षक १४२४३, कायायलय कोड(८०४३६५०९३०० : मा जम्मा गरि खरिद गर्नुपर्नेछ।

२. बोलपत्र/दरभाउपत्र फाराम भरी पेश गर्दा आफुले कबुल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कबोल अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने धरौटी रकम ग्लोवल आइएमई बैंक लि. बारपाक सुलिकोट गाउँपालिकाको सुलिकोट शाखामा रहेको धरौटी खाता नं. स्थानीय धरौटी बारपाक .३ .ग)सुलिकोट, बैंक खाता नम्वर २४८०४०१००००००७ मा (जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैकले यस कार्यालयको नाममा

प्रमुख प्रशासकीय अधिकृत

जारी गरेको सोही रकम बराबरको कम्तीमा ठेक्का नं **१०(RE)** को हकमा हकमा कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत पत्र (बिड वण्ड) र ठेक्का नं **११(RE) देखि १७(RE) सम्मको हकमा** ७५ दिन म्याद भएको बैंक जमानत पत्र (बिड वण्ड) गोप्य शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ।

३. बोलपत्र स्वीकृत भएपछि सुचना पाएको मितिले ७ दिन भित्र नियमानुसार आयकर/मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ।सो अवधि भित्र सम्झौता गरि पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोस्रो बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन: बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ ।

४. ठेक्का नं **१०(RE) देखि १७(RE) सम्मको हकमा** प्रि विड बैठक मिति २०८१/११/१० गते दिनको ११:०० बजे बसिनेछ ।

५. ठेक्का नं. **१०(RE) देखि १७(RE)** सम्मको हकमा स्वीकृत ठेक्का अंकलाई २ (दुई) किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ता ६० % सम्झौताको बखत दाखिला गरी बाँकी ४० % को हकमा जमानत वापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट २०८२ असार मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी (परफमेन्स वण्ड) समझौता भएको मितिले ७ दिन भित्र पेश गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तानी गर्दा समावेश गर्न पाईने छैन ।

६. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.कर (VAT)१३% र अग्रीम आयकर बापतको १.५ % रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।

७. शुल्क उठाउने रसिद ठेक्काको शिर्षक उल्लेख गरि ३/३प्रति भएको रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ ।

८. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएकोरित नपुगेको बोलपत्र/दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।

९. पेश भएका बोलपत्र/दरभाउपत्रहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा विक्री सम्बन्धमा केन्द्रिय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति एवम् गाउँपालिका स्तरीय अनुगमन समितिबाट निर्देशन भए बमोजिम हुनेछ।

११. गाउँपालिकाको व्यक्तिगत तथा निषेधित क्षेत्रबाहेकका नदी दायाँबायाँ किनारको ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ उपयोग तथा विक्री कर तोकिएको डिपोबाट अशुल हुनुपर्ने छ। तर नदीनालाको पुल तल माथि दुवैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाइने छैन ।

१२. प्राकृतिक साधन उपयोग तथा विक्री कर अशुल गर्दा यस कार्यालयले तोकेको दररेटमा मात्र अशुली गर्नुपर्नेछ ।

१३. ढुंगा, गिट्टी, बालुवाको उत्खनन् तथा ढुवानी कार्य सुर्यास्त देखी सूर्योदय नहुँदासम्म गर्न पाईने छैन ।

१४. प्राकृतिक श्रोत साधन ओसारपसार गर्दा निश्चित तोकिएको एउटामात्रै बाटो प्रयोग गर्नु पर्नेछ तथा निकासीका लागि प्रयोग गरिएको बाटो गाउँपालिका कार्यालयको निर्देशनमा बोलपत्र/दरभाउपत्रदाताले मर्मत सुधार गर्नुपर्नेछ ।

१५. ढुवानी साधनले बहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्यून बिल काटी ढुवानीका साधन सडकमा गुडाउन, र ढुंगा, गिट्टी, बालुवा पानी चुहाएर वा नछोपी खुल्ला रुपले ढुवानी गर्न पाइने छैन ।

१६. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदी किनारा वा सार्वजनिक चौरमा घाटगद्दी गर्न पाइने छैन, त्यसका लागि बोलपत्र/दरभाउपत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नु पर्नेछ ।

१७. कुनै पनि बन्द, हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाइ छुट वा मिनाहाको दावी गर्न पाइने छैन।नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र/दरभाउपत्रदाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ ।

१८. माथि उल्लेखित शर्तहरु उल्लङ्घन गरेमा वा तोकिएको म्याद भित्र नबुझाएमा कार्यालयको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाइने छासाथै अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

१९. सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तब्य एवं दायित्व हुनेछ।नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति, हानि नोक्सानी हुन गएमा सो को क्षतिपूर्तिको दायित्व ठेकेदारले गाउँपालिकासँग दाबि गर्न पाउने छैन ।

२०. यससूचनामाउल्लेखभएकोविषययसैसूचनाबमोजिमरयससूचनामाउल्लेखनभएकोहकमाप्रचलितऐन,नियम,कार्यविधि,स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन २०८१ बमोजिम हुनेछ। प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०८१ का प्रावधानहरुको व्याख्या गर्ने अधिकार बारपाक सुलिकोट गाउँपालिकामा सुरक्षित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत